**२०७७ साल श्रावण २२ गते बिहीवार बसेको मन्त्रिपरिषद्को बैठकले देहायका मन्त्रालयका प्रस्तावका सम्बन्धमा गरेका निर्णयको मुख्य ब्यहोरा निम्नबमोजिम छन् -**

१. **मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयः** प्रदेश प्रशिक्षण प्रतिष्ठान (गठन तथा कार्य सञ्चालन) आदेश, २०७७ स्वीकृत गर्ने।

२. **मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयः** कर्मचारी व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७७ स्वीकृत गर्ने।

३. **आन्तरिक मामिला तथा कानून मन्त्रालयः** प्रदेश पदक ऐन, २०७६ को दफा ४(घ) बमोजिम श्री अमरराज शर्मा (देवराज भार), कोहलपुर-१०, बाँके; श्री चन्द्र बहादुर बुढा मगर, जेलवाङ-१, रोल्पा र श्री नारायणी देवी घिमिरे अर्याल, तानसेन-४, पाल्पा लाई पदक सिफारिस समितिको सदस्यमा मनोनित गर्ने।

४. **आन्तरिक मामिला तथा कानून मन्त्रालयः** प्रदेश नं. ५, प्रदेश पदक ऐन, २०७६ संशोधन गर्न बनेको विधेयक प्रदेश सभामा पेश गर्न स्वीकृती प्रदान गर्ने।

५. **आन्तरिक मामिला तथा कानून मन्त्रालयः** प्रदेश नं. ५ संघ, संस्था दर्ता नियमावली, २०७६ बमोजिम तथा प्रदेश प्रसारण नियमावली, २०७६ बमोजिम लिइने विभिन्न शुल्क तथा दररेट स्वीकृत गर्ने।

६. **आर्थिक मामिला तथा योजना मन्त्रालयः** कोरोना भाइरस (कोभिड-१९) नियन्त्रण तथा उपचार कोष (स्थापना र सञ्चालन) (दोस्रो संशोधन) निर्देशिका, २०७७ स्वीकृत गर्ने।

७. **सामाजिक विकास मन्त्रालयः** प्रदेश स्वास्थ्य तालिम सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०७७ स्वीकृत गर्ने।